# भूमिका

उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत पाठ्यक्रम, प्रशिक्षण, स्तर निर्धारण र विदेशी शैक्षिक प्रमाणपत्रको प्रमाणिकरण सम्बन्धी जिम्मवारी पाएको यस पाठ्यक्रम तथा प्रशिक्षण महाशाखाले पाठ्यक्रम निर्माण तथा परिमार्जन, विषय शिक्षक तालिम, एकीकृत शिक्षण सीप तालिम, प्रशिक्षक तालिम, विदेशी वोर्डहरुको प्रमाणपत्रको समकक्षता एवं स्तर निर्धारण र प्रमाणिकरण सम्बन्धी कार्य गर्दै आएको छ ।

परिषद्द्वारा वि.सं. २०४९ मा लागू गरिएको संकायगत पाठ्यक्रम वि.सं. २०५५ मा एकलपथोन्मुख (Single–tract Oriented) बनाउनको लागि अनिवार्य (अंग्रेजी-२०० र नेपाली १०० पूर्णाङ्क) र इच्छाधिन द्वितिय, तृतीयको चतुर्थ समेत गरी ५३ विषयको पाठ्यक्रम कार्यान्वयनमा ल्याइएका विषयहरुलाई वैज्ञानिक व्यवस्थापन गर्न आवश्यक देखिएकोले वि.सं. २०५५ मा पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका २०५५, निर्माण गरियो । त्यसलाई अझ व्यवस्थि तगर्न इच्छाधिन विषयहरुको समूह विभाजन तथा विषय छनौट निर्दे २०५६जारी गरियो । उक्त विषयहरुको कार्यान्वयनका क्रममा देखिएका समस्याहरुलाई मध्यनजर गरी वि.स.. २०६० मा सो निर्देशिका परिमार्जन गरियो । वि.सं. २०६५ मा कक्षा ११ र १२ मा गरी २३ विषयको नयाँ पाठ्यक्रम बनाई कार्यान्वयनमा ल्याइएको हुनाले उक्त निर्देशिका परिमार्जन गरियो । वि.सं. २०६७ मा आएर Fine Arts  का ७ वटा र संस्कृतका १३ वटा विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । हाल आएर Human Value Education– 200 र संगीत (ऐ. चतुर्थ)- १०० को नयाँ पाठ्यक्रम बनाई लागू गरिएको हुनाले निर्देशिका पुनः परिमार्जन गरियो । कक्षा ११ र १२ मा १००/१०० पूर्णाङ्क को अतिरिक्त विषय पढ्न पाउने व्यवस्था गरिएको छ । विद्यार्थीको आवश्यकता अनुसार कक्षा ११ र कक्षा १२ मा मात्र १०० पूर्णाङ्क को अतिरिक्त विषय पढ्न सक्ने समेतको व्यवस्था गरिएको छ । सो अतिरिक्त विषयको अध्ययन अध्यापन विद्यालयको कार्यक्रमलाई प्रभावकारी बनाउन परिषद्को पाठ्यक्रम कार्यान्वयन तथा विषय छनोट निर्देशिका २०५५ (परिमार्जित २०६८) तयार गरिएको छ ।

यो निर्देशिकालाई अझ स्तरीय, वैज्ञानिक, सरल र सुस्पष्ट बनाउनको लागि सम्पूर्ण सरोकारवाला- विद्यार्थी, अभिभावक, विज्ञ, विद्वान, शिक्षक तथा प्राचार्यहरुबाट सुझावको अपेक्षा गर्दछु । साथै भावी दिनमा यस निर्देशिका परिमार्जन गर्ने अवसर मिल्नेछ भन्नेमा विश्वस्त छु ।

अन्त्यमा, यस निर्देशिका तयार/सुधार गर्ने क्रममा योगदान पुऱ्याउने शिक्षाविद्, उच्च माध्यमिक शिक्षा परिषद्का पदाधिकारीज्यूहरु  उच्च माध्यमिक विद्यालयमा कार्यरत शिक्षक तथा प्राचार्य र पाठ्यक्रम तथा प्रशिक्षण महाशाखाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मितिः २०६८ असोज ८ गते ।

धन्यवाद !

रामचन्द्र पाण्डे
का मु महाशाखा प्रमुख
पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा